# विराटनगर महानगरपालिका

बैठक संख्या: ३४
मिति: २०७५/०९/२३

बैठक प्रारम्भ: दिउसो २:०० बजे
बैठक स्थगन: ४.०० बजे

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | झरीलाल यादव | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | सदस्य | श्री संजय कुमार साह | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |

| | | | |
|---|---|---|---|
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री राजेश भुजेल | |
| २९ | सदस्य | श्री गायत्री कुमारी दास | |
| ३० | सदस्य सचिव | श्री कुमारप्रसाद दाहाल | |
| ३१ | आ.सहयोगी | श्री अर्जुन थपलिया(सामान्य प्र.महाशाखा) | |
| ३२ | आमन्त्रित | राजेन्द्र प्रधान | |

विराटनगर महानगरपालिका दोस्रो नगरसभाले पारित गरेका नीतिहरुलाई निरन्तरता दिदै तपसिल बमोजिमका नीति तथा निर्णयहहरुलाई तेस्रो नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

१. विराटनगर महानगरपालिका अर्न्तगतका विद्यालयहरुमा सवावेशी शिक्षा प्रर्वद्धनका लागी आवश्यक भगिनी सम्वन्ध कायम गरिनेछ ।
२. सार्वजनिक नीजि साझेदारीवाट भंसार आयात निर्यात एवं भण्डारनलाई व्यवस्थीत गर्न Logistic Park निमार्ण गर्ने नीति अवलम्वन गरिने छ ।
३. यस महानगरपालिकाको लेखा प्रणालीलाई अझ वढी प्रभावकारी र पारदर्शी वनाउनका लागी ल्वएक्व्व प्रणाली अवलम्वन गरिनेछ ।
४. महानरपालिकाको मुख्य शहरी क्षेत्रमा सवारी पार्किङ्गलाई व्यवस्थीत गर्न Smart Parking नीति लागु गरिनेछ । साथै Smart Pole को माध्यमवाट चौक तथा सडकको जानकारी गराउने प्रणाली अवलम्वन गरिने छ ।

निर्णय न.१

आ.व.२०७५/०७६ मा यस महानगरपालिकावाट संचालन हुने सम्पुर्ण योजनाहरु २०७६ वैशाख भन्दा पछि संझौता नगर्ने निर्णय गरियो । तर उल्लेखित समय भन्दा पछाडि अन्य निकायको अख्तियारी प्राप्त वजेटवाट संचालन हुने योजनाको हकमा माथि उल्लेखित संझौताको समय सिमा लागु नहुने निर्णय गरियो ।

निर्णय न.२

नगर क्षेत्रभित्र रहेका वाटोहरु मर्मत सुधार तथा खाल्टाखुल्टी पुरी जोखिम न्यूनिकरण गर्ने कार्यका लागि एकमुष्ठ रकम बढीमा रु.५० लाख सम्म मर्मत सुधार शिर्षकवाट विनियोजन गर्ने साथै नियमनुसार ढुगां,गिट्टि खरिद गरि मौज्दात राखि आवश्यक व्यवस्थापन गर्ने ।

निर्णय न.३

साविकको स्थानीय निकाय हाल स्थानीय तहमा कार्यरत साविकमा कट्टा हुदै आएका कर्मचारीहरुको सावधिक जिवन विमालाई मासिक रु.४००। (२०७५ श्रावण देखि लागु हुने गरि) कट्टा गर्ने निर्णय गरियो ।

निर्णय न.४

महानगरपालिकाका जनप्रतिनिधि तथा कार्यरत कर्मचारीहरुको सुगुंर लगायतका चौपाया पशुपालन गरी सडक तथा सार्वजनिक स्थलमा अनियन्त्रित खुल्ला छाडिएको पाईएमा सो सुगुंर लगायतका चौपायहरुको स्थायीरुपमा व्यवस्थित पशुपालन गर्ने व्यवस्था नगरे सम्म सम्वन्धित कर्मचारीहरुको प्रति महिना १५ दिन वरावरको तलव रोक्का गरिने छ ।

निर्णय न.५

यस महानगरपालिकाको नगरसभावाट स्विकृती नलिएका राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाका कार्यक्रम संचालन गर्न ईजाजत नदिने साथै उल्लेखित संस्थाले नगर सभामा पेश गरेको कूल वजेटको ४० प्रतिशत भन्दा बढि रकम पूर्वाधार निर्माण, शिपविकास तथा कार्यक्रमको प्रमुख उदेश्यमा खर्च गर्नेगरि रकम विनियोजन गरेको संस्थाको मात्र कार्यक्रम स्विकृत गरि कार्य गर्न ईजाजत दिने निर्णय गरियो ।

निर्णय न.६

रेविज रोग नियन्त्रणका लागि सामुदायिक कुकुरमा बान्ध्याकरण तथा खोप कार्यक्रमका लागि विनियोजन गरिएको रकम अपुग हुने भएकोले Vaccine (खोप) कार्यक्रम मात्र संचालन गर्ने ।

निर्णय न.७

नगर कार्यपालिकाद्धारा प्रस्तावित निम्नानुसारका निर्देशिका तथा कार्यविधिलाई संसोधन सहित पारित गरियो ।

क. स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता,अनुमति तथा नविकरण सम्वन्धि निर्देशिका २०७५

ख. अनुदान तथा आर्थिक सहायता कार्यविधि २०७५

ग. प्रजातन्त्र सेनानी सम्मान कार्यविधि २०७५

घ अपाङ्गता भएका ब्याक्तिको परिचयपत्र वितरण कार्यविधि २०७५

ङ. कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका २०७५

निर्णय नं.८

वडा न १४ को स्वास्थ्य चौकी भवन निर्माणका लागी रु.६५ लाख विनियोजन गर्ने साथै वडा नं १५ को स्वास्थ्य चौकी भवन निर्माणका लागी विनियोजित रकमवाट रु.२५ लाख हडतालि हाट मार्गमा खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.९

विराटनगर महानगरपालिका वडा न. ११ स्थित सार्वजनिक जग्गामा रहेको कुचिकार वस्तीलाई अन्यत्र जग्गामा ब्यवस्थितरुपले सामुहिक आवास बनाई स्थानतरण गर्ने निर्णय गरियो ।

निर्णय नं.१०

नगर परिषद् आ.व. २०७५/०७६ को वजेटको खर्च शिर्षक न. २२४१४ नगर सफाई तथा फोहोरमैला ब्यवस्थापन "शिर्षक विनियोजित रकम रु. १ करोड ५० लाखवाट खर्च हुने गरि विभिन्न वडाहरुमा पलाष्टिक झोला निषेधित अभियान संचालनार्थ रु.५ लाख खर्च गर्ने साथै खर्च शिर्षक न. २२५१२ कागजको थुगां, कपडाको झोला वनाउने सिपमुलक तालिम शिर्षकमा विनियोजित रकम रु. ५० हजारमा थप रु. ५० हजार गरी रु. १ लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.११

विराटनगर महानगरपालिका र अखिल नेपाल फुटवल संघ(एन्फा) विच विराटनगरमा पाचौं महिला साफ च्याम्पियनसिप फूटवल प्रतियोगिता संचालन गर्न भएको संझौता बमोजिम महानगरपालिकाको तर्फवाट गर्नुपर्ने उत्तरदायित्व(कार्य)हरु गर्ने निर्णय गरियो ।

निर्णय नं.१२

भवन निर्माण आचार संहिता २०७४ बमोजिम भवन निमार्ण गर्न सिप तथा नियम जानकारी गराउनका लागि भवन निर्माण गर्ने डकर्मीहरुलाई तालिम प्रदान गर्न रु. ६ लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१३

संघीय सरकारवाट तराई मधेस समृद्धि कार्यक्रम अन्तर्गत छनौट भएका तपसिल बमोजिमका योजनाहरुलाई न.पा.को दायित्वका लागि १० प्रतिशतले हुने रकम रु.४८ लाख सम्पुरक कोषको विनियोजन गर्ने निर्णय गरियो ।

| क.स. | योजनाको नाम | संघीय सरकारवाट विनियोजन रकम | समपुरक कोष(न.पा.को तर्फवाट) |
|---|---|---|---|
| १. | सामुहिक आवास भवन निर्माण,वडा न. ५ | २०,०००,०००।०० | ...... |
| २. | सिघिया खोला सुधार,वडा न. ७ | १०,०००,०००।०० | १०,००,०००।०० |
| ३. | राजवंशी सामुदायिक भवन निर्माण,वडा न. ३ | ९०,००,०००।०० | ९,००,०००।०० |
| ४. | नाला तथा पिच सडक निर्माण,वडा न. १२ | १,५०,००,०००।०० | १५,००,०००।०० |
| ५. | नयां प्रगतिमार्ग,वडा न.११ | ४०,००,०००।०० | ४,००,०००।०० |
| ६ | मुस्लिम समुदायका लागि सामुदायिक भवन, वडा न. ६ | १०,०००,०००।०० | १०,००,०००।०० |

**निर्णय नं.१४**

विराटनगर महानगरपालिकाको वडा न. ६ को केशलिया खोला किनारामा ईसाइ धर्मालम्वीहरुको अन्तिम संस्कारको लागि ऐलानी जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१५**

चालु आ.व. ०७५/०७६ मा नगर कार्यपालिका बैठकवाट वैठक संख्या २० देखि वैठक संख्या ३३ सम्म भएका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६**

यस कार्यालयमा कार्यरत प्रशासन शाखा प्रमुखलाई मासिक तलवको ५० प्रतिशत साथै कानुन शाखाका वि.हे १ जना, पानी ट्यांकर चालक, पानी ट्यांकर सहायक कर्मचारी, नगर प्रहरी सवारी चालक, का.स. जिन्सी उपशाखा १ जना का.स., योजना शाखा का.स. १,लाई मासिक ७ दिन वरावरको अतिरिक्त समय भत्ता उपलब्ध गराउने साथै नगर प्रमुखज्यूको सुरक्षाकर्मीलाई मासिक रु.५०००। उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१७**

आ.व. ०७५/०७६ का लागि नगरसभावाट पारित विविध निर्णय न. १ मा STIUEIP तर्फ कन्सलटेन्सी खर्च तर्फ रु. ४० लाख र निर्माण तर्फ रु.२० करोड समेत रु. २० करोड ४० लाख र निर्णय न. २ RUDP तर्फ प्रशासनिक खर्च रु. १ करोड ५५ लाख, कन्सलटेन्सी खर्च तर्फ रु. ७ करोड ३० लाख र सार्वजनिक निर्माण खर्च रु. १ अरव ६५ करोड समेत जम्मा रु. १ अरव ७३ करोड ८५ लाख अनुमानित वजेट संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८**

विराटनगर महानगरपालिका अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत सामुदाय परिचालिकाहरुको मासिक रु. १५०००।०० पारिश्रमिक साविक बमोजिम उपलब्ध गराउने गरि २०७६ असाढ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९**

महानगरपालिका र वडाहरुमा न्यायिक समितिको संचालन र ब्यवस्थापनका लागि रु. २० लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.२०

वडा न. १० को वडा समिति भवन निर्माणका लागि पर्न आएका वोलपत्र स्विकृत गरि जग्गा खरिद प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

निर्णय नं.२१

विराटनगर महानगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थापन गर्न बनेको ऐन २०७५ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.२२

वडा समितिको कार्यालय वडा न. ३ को अधूरो भवन निर्माणका लागि रु.४० लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.२३

विराटनगर महानगरपालिका र अखिल नेपाल फुटवल संघ(एन्फा) विच भएको संझौता अनुसार विराटनगर हुन गईरहेको पाचौं महिला साफ च्याम्पियनसिप फूटवल प्रतियोगिता संचालनका लागि रु. १ करोड विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.२४

वडा न. १९ मा अन्तराष्ट्रिय स्तरको सभागृह निर्माण गर्नका ५ विगाहा जग्गा खोजी गरि खरिद गर्न लागि रु.४ करोड विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.२५

दोस्रो नगरसभाले पारित गरेको वजेट शिर्षक न.३१११२ अन्तरगर पाना न.७८ र ७९ मा भएको श्री शिक्षा सदन स्कुल अधुरो भवन निर्माण तथा अग्रेजी शिक्षकको दरवन्दी श्री जनचेतना आधारभुत विद्यालय भवन निर्माण तथा अग्रेजी शिक्षकको दरवन्दी र श्री धरणी नि. मा. वि ब्रम्हुपरा भवन निर्माण तथा अग्रेजी शिक्षकको दरवन्दी भन्ने योजनामा भएका भवन निर्माण अग्रेजी शिक्षाको दरबन्दि भन्ने वाक्यांसलाई परिमार्जन गरी सम्वन्धित विद्यालयमा अंग्रेजी शिक्षा विशेष कार्यक्रम सञ्चालन राख्ने निर्णय गरियो ।

निर्णय नं.२६

वजेट शिर्षक न.३११५१ अन्तरगत पाना न. ६१ मा उल्लेखित केशलिया ब्रम्हपुरा टोलदेखि लाली टोल गुरास ६०० मिटर पक्की नाला ग्रावेलमा विनियोजन भएको रु १०००००० लाइ अरुण मार्ग पिच निर्माण गर्ने कार्यका लागी योजना परिवर्तन गर्ने । तसै गरी वजेट शिर्षक न.३११५१ अन्तरगत पाना न. ६९ मा उल्लेखित पियूस मार्ग गोदावारी वोडिङ अगाडी १०० मिटर ग्रावेल भन्ने योजनालाइ ब्यास मार्ग सहनी टोलमा परिवर्तन गर्ने निर्णय गरियो ।

निर्णय नं.२७

विराटनगर महानगरपालिका र अन्तरगत रहेका वडा कार्यालयबाट सन्चालन हुने योजना तथा कार्यक्रमसंग सम्वन्धित लेखा प्रणालीलाइ ब्यवस्थित र पारदर्शी बनाउने प्रयोजनका लागी हाल भै रहेको book of accounting लाइ NEPSAS/NFRS को compliance मा लगी Foreign consultant Sushil LAL & Associate लाइ स्वमंसेवकको रुपमा काम गर्न इजाजत दिने निर्णय गरियो ।

निर्णय नं.२८

विराटनगर महानगरपालिका नगर क्षेत्रभित्र संचालित पसल ब्यवसाय, घरवहाल कर तथा अन्य करदाताहरुलाई महानगरस्तरीय करको दायरामा ल्याउन प्रमुख प्रशासकिय अधिकृतको संरक्षकत्वमा सम्वन्धित वडा अध्यक्ष, वडा सदस्य, वित्तीय ब्यवस्थापन महाशाखा प्रमुख, राजस्व ब्यवस्थापन शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, राजस्व शाखा तथा वडाका कर्मचारी सम्मिलित एक स्थलगत अनुगमन समिति गठन गर्ने र उक्त समितिवाट प्रभावकारी अनुगमनको ब्यवस्था मिलाउने । सो वापत प्रतिदिन रु. ७५०।०० का दरले खाजा खर्च उपलब्ध गराउने ।

**निर्णय नं.२९**

नेपाल भारत सिमा ICP वाट प्रवेश गर्ने मालवाहक सवारी साधन, कन्टेनर तथा आयात निर्यात हुने जुनसुकै प्रकारका वस्तु तथा सामानहरुलाई सुरक्षित तरिकाले नियमानुसार शुल्क लिई भण्डार गर्नका लागी सिमाका वडाहरुमा कम्तीमा १० विगाहा जग्गा उपलब्ध गराई आवश्यक कानूनी प्रकृया पुरा गरी Logistic Park निमार्ण एवं संचालन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं.३०**

विराटनगर महानगरपालिका स्थित आदर्श माध्यमिक विद्यालय र भारतको दिल्ली स्थित अमर ज्योती च्यारिटेवल ट्रष्टबीच समावेशी शिक्षा विषयमा प्राविधिक एवं शैक्षिक सहयोग आदान प्रदान गर्ने सम्वन्धमा भगिनी सम्वन्ध कायम गर्ने निर्णय गरियो ।